नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

आश्विन/कार्तिक २०८० (October 2023) वर्ष २६/अङ्क २९६

## "आत्मिकी यात्रा"

- पाष्टर घन श्याम दाहाल

डा. ध्रुब राज घिमिरे (१७ सेप्टेम्बर २०२३) आराधना सेवामा नेइम ललितपुरमा लेखकले बाँडेको वचनमा आधारित

मानिस पृथ्वमा विजयी र अर्थपूण जीवन जिउन सकोस् भन्ने चाहना परमेश्वरको छ, येशू ख्रीष्टले मानिस जातिले गुमाएको अधिकार क्रूसको बलिदानी कार्यद्वारा फिर्ता ल्याउनुभएको छ, उहाँलाई व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार्ने हरेक अंधकारको राज्यबाट स्वर्गको राज्यमा सरेको छ, हामी विश्वासीहरू सृष्टिको हेरचाह गर्न नरकलाई जित्न र परमेश्वरको राज्यको प्रवर्द्धन गर्न नयाँगरी जन्मेका छौं । हामी आत्मिकी यात्रामा छौं । (डाँडाको उपदेश) मत्ती ५:३-११ खण्डको माध्यमबाट आत्मिक यात्राको संक्षिप्त चर्चा गर्नेछु । धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो । आज किन मानिसलाई येशू ख्रीष्टमा भएको मुक्तिलाई ग्रहण गर्न गाह्रो छ ? किनकि आफूलाई आत्मामा दीन नबनाएको हुनाले । स्वर्गको राज्य पाउनको लागि जो कोही पनि एउटा बालक जस्तै सिक्न खोज्ने र सरल हुनुपर्दो रहेछ (मत्ती १८:३) ।

धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो ।

आज किन मानिसलाई येशु ख्रीष्टमा भएको मुक्तिलाई ग्रहण गर्न गाह्रो छ ? किनकि ऊ नम्र भएर परमेश्वरको विषयमा जान्न र खोजी गर्न चाहन्न । आज किन कतिपय इसाईहरूको पुरानो जीवन बदलिएको छैन ? किनकि आफूलाई आत्मामा दीन नबनाएको हुनाले ! स्वर्गको राज्य पाउनको लागि जो कोही पनि एउटा बालक जस्तै सिक्न खोज्ने र सरल हुनुपर्दो रहेछ (मत्ती १८:३) ।

पवित्र आत्माले ख्रीष्टिय चरित्र निर्माण गर्न चाहनुहुन्छ. तर जसले आफूलाई रित्याउँदैन उसलाई उहाँले भर्न सक्नुहुन्न । आत्मामा दीन हुनु भनेको चाहिँ "म आफैमा केही होइन । परमेश्वरलाई मन नपर्ने मेरा गलत चरित्रहरूको लागि म जिम्मेवार छु र त्यो ख्रीष्टको रगतले मात्रै धुन सक्छ" भन्ने मानसिकता हो ।

धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन् ।

पापको गहिराइ र यसको शक्तिलाई "शोक गर्नुपर्ने विषय" को रूपमा जबसम्म बुझ्न सक्दैनौं, तबसम्म सुसमाचारको सत्यता गौरवमय देखिँदैन तर आत्मिक शोकले पश्चात्तापमा डोहोऱ्याउँछ र यसले हाम्रो जीवनमा मुक्तिको आनन्द ल्याउँछ ।

धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन् ।

संसारमा आज मानिसलाई पद, शक्ति, पैसा र आदर चाहिएको छ । चतुऱ्याइं गरेर र लड़ेर अधिकार लिने काम गरिराखेका छन् तर हामी विश्वासीहरू खोसेर, लुछाचूड़ी गरेर, अनसन बसेर, धर्ना कसेर अधिकार लिनको लागि बोलाइएका होइनौं । सानै काम भए पनि इमानदारीपूर्वक र सोझो ढंगले पूरा गर्ने व्यक्ति हुन धर्मशास्त्रले सिकाउँछ । येशू स्वयं सर्व-शक्तिमान हुनुभएता पनि उहाँले मानिसको खातिर आफ्नो अधिकार त्यागेर आफूलाई होच्याउनुभयो । उहाँ नम्रताको उदाहरण हुनुहुन्छ । नम्रहरूलाई अधिकार दिने प्रतिज्ञा परमेश्वरले गर्नुभएको छ (भजन ३७: ११) ।

धन्य धार्मिकताको निम्ति भोकाउने र तिर्खाउनेहरू, किनभने तिनीहरू तृप्त हुनेछन् ।

धार्मिकताको अर्थ "परमेश्वरसित सही सम्बन्धमा रहिरहने" काम हो । मानिसका आवश्यकताहरूलाई ४ भागमा विभाजन गर्न सकिन्छ: आधारभूत; भावनात्मक; सामाजिक र आत्मिक । परमेश्वरले सबै आवश्यकताहरू जान्नुहुन्छ र प्रसस्त दिनुहुन्छ, जब हामीहरू धार्मिकतालाई प्राथमिकतामा राख्छौं (मत्ती ६.३३-३४) । प्रभुलाई मुक्तिदाताको रूपमा विश्वास गर्ने हरेकभित्र पवित्र आत्मा बास गर्नुहुन्छ. पवित्र आत्मा हाम्रो असल मित्र हुनुहुन्छ र उहाँको भरपुरीको चाहना राख्नेले उहाँको दैनिक मार्गदर्शन र सेवकाइको लागि शक्ति पाउँछ ।

धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन् ।

धार्मिकताको निम्ति भोकाउने व्यक्तिले आफ्नो पुरानो जीवन गलत चरित्र, व्यवहार, रोजाइ, सोचाइलाई मेटाउने अवसर पवित्र आत्मालाई दिन्छ र ऊ पवित्र आत्माका फलहरू फलाउन थाल्छ । "दयालु हुनु" फल हो ।

धन्य शुद्ध हृदय हुनेहरू, किनभने तिनीहरूले परमेश्वरलाई देख्नेछन् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | जोरपाटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आश्विन २७ October 14 | पाष्टर सिमोन पाठक | डीकनेस् रश्मिला तामाङ्ग | एल्डर बागमान तामाङ्ग | श्री माया लामा | श्री मिन ब. तामाङ्ग | पाष्टर घनश्याम दाहाल | पाष्टर रूबेन श्रेष्ठ | श्री सैदिप तामाङ्ग | श्री जीवन खालिङ | डीकन कृष्ण नगरकोटी | एल्डर गोपी राई |
| कार्तिक ४ October 21 | एल्डर अर्जुन ढकाल | ज्ञानेश्वर | श्री सामुएल तामाङ्ग | डीकन भूपाल लामा | एल्डर मन ब. मगर | एल्डर सीता गुरूङ्ग | डीकन सिमोन भण्डारी | एल्डर रूद्र राई | श्री जीवन खालिङ | एल्डर भुवन देवकोटा | डीकनेस् रमा महर्जन |
| कार्तिक ११ October 28 | पाष्टर सिमोन पाठक | श्रीमती माया तामाङ्ग | ज्ञानेश्वर | एल्डर दान ब.अधिकारी | पाष्टर अशोक मुखिया | श्री जीवन खालिङ | पाष्टर रूबेन श्रेष्ठ | श्री हरिश्चन्द्र महर्जन | श्रीमती शशिकला राई | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर लाक्पा लामा |
| कार्तिक १८ November 4 | पाष्टर अशोक मुखिया | श्री सरुष तामाङ्ग | डीकनेस् रमा राई | डीकन राम ब. तामाङ्ग | श्री सुचन तामाङ्ग | पाष्टर दफ्तन सादा | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर नभराज के.सी. | पाष्टर शरण राई | एल्डर यमदेवी पाखे्रल | एल्डर लाक्पा लामा |

आत्मिकी आँखा बन्द भएकाहरूले छुन सकिने र देख्न सकिने कुराहरूलाई मात्रै अनुभव गर्न सक्छन् जस्तै धन-सम्पत्ति, पद, प्रतिष्ठा, स्वास्थ्य, शरीर । परमेश्वर अदृश्य हुनु भएतापनि उहाँ सधैं हाम्रो साथमा हुनुहुन्छ (मत्ती २८:३०) । हृदय शुद्ध हुनेहरूले आत्मिक आँखाले परमेश्वरलाई देख्न सक्छन् ।

एफिसी १.१८ मा पावलले एफिसीहरूको हृदयको आँखा चहकिलो होस् भने जस्तै हाम्रो पनि प्रार्थना हुन सकोस्

धन्य मेलमिलाप गराउनेहरू, किनभने तिनीहरू परमेश्वरका छोराहरू कहलाइनेछन् ।

मानिस जातिको पापले गर्दा सम्बन्धहरू विभाजित छन् । मानिस र परमेश्वर बीच; मानिस-मानिस बीच, र मानिस आफै भित्र ! एक जाति अर्को जातिको विरुद्धमा उठ्ने र परिवार भाँड्ने शैतानिक आक्रमणहरू भई राखेकै छन् । हरेक ४ मा १ जना बिहान उठ्दा रिसाएको वा दुःखित मनोभावमा हुन्छ रे ! परमेश्वरको पुत्र येशूको सेवकाइको केन्द्र बिन्दु नै मिलापको सेवकाइ हो र यो जिम्मा येशूले विश्वासीहरूलाई दिनुभएको छ ।

धन्य धार्मिकताको निमति सताइनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो ।

विश्वास गरेको हुनाले वा येशूमा पाइने मुक्तिको सुसमाचार सुनाएको कारणले घर, नातेदारहरू, अफिस, साथीहरूको बीचमा भेदभाव र छेड़छाड़ त प्रायः विश्वासीहरूले सहँदै आएका छौं होला । अन्तको दिनमा सतावट अझ बढेर जानेछ. 'सतावटको लागि तयार हुनु' हाम्रो आत्मिक परिपक्वताको सूचक पनि हो !

हिजोआज देशमा अति तल्लो स्तरका गालीगलौजहरू र धेरै झुटा कुराहरू इसाई विश्वास र इसाईहरूका विरुद्धमा सुनिन्छन् संयमसाथ सबै परिस्थितिमा वचन, जीवन, कार्य र चिन्हद्वारा मुक्तिको सुसमाचारको साक्षी दिनु सबै विश्वासीको कर्तव्य हो । एउटा रोचक प्रसंग प्रचारक डी.एल. मूडी शहरको गल्लीमा पैदल हिँडिरहेको बेला एउटा मान्छेसँग जम्काभेट हुन्छ. उनले सोध्छन "हैलो, तपाईले येशूलाई चिन्नुहुन्छ ?" त्यो यात्रीले जवाफ दिन्छ "तपाई आफ्नो कामको मतलव राख्नुहोस !" मूडी उत्तर दिन्छन् "हो नि ! मेरो काम भनेकै तपाईलाई येशू चिनाई दिनु हो" ।

अन्तमा यी ८ संदेशको शृंखलाले आत्मिक यात्राको एउटा झलक देखाउँछ । आशिषहरूको संदर्भमा "स्वर्गको राज्य तिनीहरूकै हो" बाट शुरू भएर त्यसैमा अन्त छ ।

## हार्दिक बधाई

आश्विन ३ गते/सेप्टेम्बर २० तारिख, बुधबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री सुजन पहरी र सुश्री मेनुका शाहको नेइम ज्ञानेश्वर चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा-संगतिहरूमा सेवा शुरू हुन अघि नै समयमै आउनुहुन अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र प्रवेश गर्नुभएपछि सेवा अगाडि नै आफ्नो मोबाइलको स्वीच बन्द वा साइलेन्टमा राखिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ, पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ता बीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजान सकौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँ दाजुभाइ दिदी बहिनीहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरूको नामावली

| मिति | डाँछी | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **आश्विन २७**<br>October 14 | एल्डर<br>पेशल राइ | डीकन<br>मोहन श्रेष्ठ | डीकन<br>अमृत लामा | एल्डर<br>कृष्ण तामाङ्ग | डीकन<br>कृष्ण श्रेष्ठ | एल्डर<br>राज गुरूङ्ग | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जोरविर राइ | एल्डर<br>पिटर लिम्बू | एल्डर<br>छोदेन कार्थक | डीकन<br>डि.बी. राई |
| **कार्तिक ४**<br>October 21 | एल्डर<br>सागर थापा | डीकनेस्<br>सलोमी दों | डीकन<br>मोहन श्रेष्ठ | एल्डर<br>गोपी राई | डीकनेस्<br>उषा गौतम | डीकन<br>उमेश मगर | एल्डर<br>कृष्ण तामाङ्ग | एल्डर<br>पिटर लिम्बू | डीकन<br>प्रशान्त सिंह | एल्डर<br>बेन्जामिन तामाङ्ग | पाष्टर<br>कर्ण तामाङ्ग |
| **कार्तिक ११**<br>October 28 | अतिथि | श्री<br>आसुतोष नगरकोटी | एल्डर<br>अष्ट श्रेष्ठ | श्री<br>प्रेम गुरूङ्ग | डीकन<br>भक्ति लामा | श्री<br>चित्र खड्का | एल्डर<br>सागर थापा | एल्डर<br>बी.एन पण्डित | एल्डर<br>राजु श्रेष्ठ | डीकन<br>अनिल आले | डीकन<br>सुक्रराज घिमिरे |
| **कार्तिक १८**<br>November 4 | एल्डर<br>पेशल राइ | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | एल्डर<br>राज गुरूङ्ग | संयुक्त सेवा<br>गाम्चा चर्च | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरविर राई |

## विशेष प्रार्थना

१. देशको राष्ट्रपति, उप राष्ट्रपति, प्रधानमन्त्री, उप प्रधान मन्त्री, मुख्य मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै सम्पूर्ण पदाधिकारीहरूको निम्ति प्रार्थना गरिदिऔं साथै देशको सामाजिक, आर्थिक, भौतिक क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नतिको लागि प्रार्थना गरिदिऔं ।

२. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

३. चाडपर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

४. मण्डलीमा कसैले पनि रीतिविधिको रुपमा प्रभु येशूलाई नअङ्गालेको होस् । मण्डलीमा आउनुहुनेहरू सबै खीष्ट प्रभुलाई सत्यतामा प्रेम गर्नेहरू हुन सकून् जसको कारण मण्डली संख्यामा मात्र होइन गुणमा पनि बढ्दै जान सकून् ।

५. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

६. प्रभुको नाउँको विरूद्ध खडा भएका र प्रभुको नाउँको खातिर प्रभुको जनहरूको विरुद्ध खडा भई दु:ख-कष्ट दिने, यातना दिने, खेदो निन्दा गर्ने र सतावट दिने व्यक्तिहरूको प्रभु येशूसँग जम्का भेट हुन सकोस् र उनीहरूले पनि प्रभु येशू खीष्टलाई आफ्नो प्रभु र मुक्तिदाता भनेर आफ्नो हृदयमा बोलाउन सकून् ।

७. विभिन्न देशमा पढाइ, रोजगार तथा अन्य कामको लागि जानुभएकाहरूका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा खीष्ट प्रभुलाई चिन्न सकून् ।

८. संसारका विभिन्न देशहरूमा भइरहेको युद्ध, अनिकाल, रोग, प्राकृतिक प्रकोपमा परेर दु:ख भोगिरहेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

९. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

१०. भर्माउने, प्रलोभन देखाउने, बहकाउने सबै (झूटा) शिक्षा र शिक्षकबाट मण्डलीका विश्वासीहरू सजग रहन पवित्र आत्मा परमेश्वरले नै सहायता गरून् ।

११. बेरोजगार हुनुभएकाहरूको लागि योग्यताअनुसार काम जुटेको होस् साथै बेरोजगारीको कारण कुनै पनि विश्वासीहरूले प्रभुको नाउँलाई निन्दित तुल्याउने काम नगरून् र परमेश्वरमा भरोसा गरिराख्नेहरू हुन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार Sunday** | २१ 8<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ तिमोथी ३:१६-१७ | २८ 15<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ पवित्र आत्माको सहायतामा सधैं हेरचाह गर्न सकून् ।<br>प्रेरित १३:१-१२ | ५ 22<br>नेपाल देशका मानिसहरूले प्रभु येशू ख्रीष्टलाई सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न र विश्वास गर्न सकून् ।<br>रोमी ४:२५ | १२ 29<br>मण्डलीलाई अगुवाइ गरिरहनु-भएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि बढाउन सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार Monday** | २२ 9<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष्‌को कारण बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | २९ 16<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं ।<br>१ थेसलोनिकी ५:१६-१८ | ६ 23<br>मण्डलीका सबै सेवक/सेविकाहरू आफ्ना सेवकाइको क्षेत्रमा समर्पित र उदाहरण भएर मण्डलीको हेरचाह गर्न सकून् ।<br>प्रेरित २०:२८-३२ | १३ 30<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **मंगलबार Tuesday** | २३ 10<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासी-हरूमा आइपर्ने कुनै पनि समस्याको कारण विचलित नभई प्रभुमा स्थिर रहन सकून् ।<br>हिब्रू १२:१-३ | ३० 17<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:१-२० | ७ 24<br>सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ साथै मण्डलीले वचन ग्रहण गरी पालन गर्नको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ३७:१-११ | १४ 31<br>सबै जवानहरूको प्रभुसँगको संगति, सुसमाचार प्रचार, पढाइ, काम, विवाह आदिको लागि प्रार्थना गरिदिऔं ।<br>हितोपदेश ३:१-६ |
| **बुधबार Wednesday** | २४ 11<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा, अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | १ कार्तिक 18<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३ | ८ 25<br>खेदो सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>मत्ती ५:१०-१२ | १५ November 1<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ |
| **बिहीबार Thursday** | २५ 12<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ | २ 19<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक रूपमा मात्र वृद्धि हुने होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>२ कोरिन्थी ३:१६-१८ | ९ 26<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ | १६ 2<br>मण्डलीका सबै विश्वासीहरू संसारका क्षणिक कुराहरूमा होइन तर माथिका कुराहरूमा मन लगाउनेहरू हुन सकून् ।<br>कलस्सी ३:१-२ |
| **शुक्रबार Friday** | २६ 13<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप हामी वचनमा आधारित जीवन जिउन सकौं ।<br>भजनसंग्रह ११९:१८ | ३ 20<br>मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>२ कोरिन्थी ६:१-२ | १० 27<br>देशभरि रहेका मण्डलीहरूले चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् ।<br>२ इतिहास २०:२१-३० | १७ 3<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ |
| **शनिबार Saturday** | २७ 14<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | ४ 21<br>आफूले पाएको विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबै परमेश्वरको महिमाको निम्ति चलाउन सकून् ।<br>रोमी १२:३-८ | ११ 28<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पीडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>मर्कूस १६:१६-१८, यूहन्ना १४:१२-१४ | १८ 4<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |

**एक हजार जना तिम्रो नजीक लोट्लान्, र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजीक त्यो आउनेछैन । तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ, र दुष्टहरूको प्रतिफल देख्नेछौ । यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने-परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ– तिम्रो कुनै अनिष्ट हुनेछैन, तिम्रो घरको नजीक कुनै विपत्ति आउनेछैन । किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ । तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन् ।तिमीले सिंह र गोमनलाई कुल्चनेछौ, जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ ।**

**भजनसंग्रह ९१:७-१३**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,